नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा )**

सिंहदरबार ,

काठमाण्डौ, नेपाल।

पत्रसंख्याः०७७/७८

सा.स.सा.सु च.नं. १४२

मितिः २०७८/०३/१५

श्री स्थानीय तह सबै,

विषयः ऐन र नियममा भएको व्यवस्था कार्यान्वयन **सम्वन्धमा।**

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको पत्र संख्या ०७७/०७८, च.नं.३०८ मिति २०७८।०३।८ को ऐन र नियमावली कार्यान्वयन सम्बन्धी पत्र यसैसाथ संलग्न छ। यस सम्बन्धी अध्ययन पत्रबाटै गर्नु भई सो बमोजिमको व्यवस्था गर्न गराउन हुन आदेशानुसार अनुरोध छ।

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखाः मन्त्रालयको website मा upload गरिदिनुहुन ।

वन्दना कुमारी कि.सी.

शाखा अधिकृत

नेपाल सरकार
# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२००१६४/४२००१६८ ४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
इमेल : info@mowcsc.gov.np
media@mowcsc.gov.np
वेभसाईड : www.mowcsc.gov.np

पत्र संख्या :
चलानी नं.: २०८

दर्ता नं.: ६८३८
मिति: ३/१०

मिति २०७८।०३।०८

विषयः <u>ऐन र नियमावलीमा भएको व्यवस्था कार्यान्वयन सम्बन्धमा।</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार ।

प्रस्तुत विषयमा **अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४** को दफा ६ बमोजिम मन्त्रालयले अपाङ्गता भएका व्यक्तिहरुको एकीकृत विवरण तयार गर्नुपर्ने र स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थायी रुपमा बसोवास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको विवरण प्रत्येक बर्ष अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोले तपसिल बमोजिमको कानूनी व्यवस्था कार्यान्वयनका लागि सम्पूर्ण स्थानीय तहहरुमा पत्राचार गरिदिनु हुन मिति २०७८।०३।०८ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ ।

तपसिलः

**<u>अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ६ को व्यवस्था</u>**

उपदफा (१) स्थानीय तहले आफ्नो क्षेत्रभित्र स्थायी रुपमा बसोवास गर्ने अपाङ्गता भएका व्यक्तिको तोकिए बमोजिमको विवरण सहितको अभिलेख तयार गरी प्रत्येक बर्ष अद्यावधिक गर्नुपर्नेछ ।

उपदफा (२) उपदफा (१) बमोजिम अद्यावधिक गरेको अभिलेख स्थानीय तहले नेपाल सरकारको संघीय मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय, मन्त्रालय र प्रदेशको सामाजिक क्षेत्र हेर्ने मन्त्रालयमा पठाउनु पर्नेछ ।

उपदफा (३) उपदफा (२) बमोजिम प्राप्त अभिलेखको आधारमा मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको एकीकृत विवरण तयार गर्नु पर्नेछ ।

**<u>अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली २०७७ को नियम ७ को व्यवस्थाः</u>**

उपनियम (१) ऐनको दफा ६ बमोजिम स्थानीय तहले अपाङ्गता भएका व्यक्तिको अभिलेख राख्दा अनुसूची ४ बमोजिमको ढांचामा राख्नु पर्नेछ ।

उपनियम (२) उपनियम (१) बमोजिम तयार गरेको अभिलेख सहितको विवरण स्थानीय तहले मन्त्रालयमा पठाउनुपर्नेछ ।

उपनियम (३) उपनियम (२) बमोजिम प्राप्त अभिलेख सहितको बिवरणको आधारमा मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको सम्पूर्ण विवरण खुल्ने गरी एकीकृत राष्ट्रिय अभिलेख तयार गर्नुपर्नेछ ।

जमुना मिश्र
उप सचिव

MOFAGA को website मा upload गर्ने व्यवस्था गर्नु ।
३/१८